नगर प्रमुख: ०९१-५६०३८०
प्रमुख प्रशासकीय अधिकृत : ०९१-५६०११८

# टीकापुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदुरपश्चिम प्रदेश नेपाल

**घाट उत्तराही ठेक्कामा लगाउने सम्बन्धी सूचना**

**(कार्यालयमा प्रथम पटक प्रकाशित मिति :- २०७८।०४।०६ गते)**

टीकापुर नगरपालिका क्षेत्र भित्र पर्ने तपसिल बमाजिमा क्षेत्रमा आ.व.२०७८/७९ का लागि आय संकलन गर्न बढाबढ प्रक्रियाद्वारा ठेक्कामा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि.नं | सूचना नं. | ठेक्काको नाम | ठेगाना | न्यूनतम ठेक्का रकम (रु.) | प्रस्ताव फाराम दस्तुर (रु.) | अवधि | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७८/७९ | टिउनी सनकट्टी घाट उत्तराही ठेक्का | टी.न.पा.२ | ७५२०१०/- ( सात लाख बाउन्न हजार दश मात्र) | १,०००।- | २०७८/७९ असार मसान्त सम्म | कबोल अंकको ५ प्रतिशत | १ वर्षका लागि |
| २ | ०२/२०७८/७९ | दौलतपुर घाट उतराही ठेक्का | टी.न.पा.५ | ५०११११/-(पाँच लाख एक हजार एक सय एघार मात्र ) | १,०००।- | २०७८/७९ असार मसान्त सम्म | कबोल अंकको ५ प्रतिशत | १ वर्षका लागि |

***शर्तहरु :***

१. इच्छुक प्रस्तावकर्ताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७८।०४।२० गते) कार्यालय समय ५:०० बजे सम्म यस कार्यालयको राजश्व उपशाखाबाट फराम खरिद गरी १६ औं दिन (मिति २०७८।०४।२१) दिनको १२:०० बजे सम्म टीकापुर नगर कार्यपालिको कार्यालयमा दर्ता गर्नुपर्ने छ। उक्त सिलबन्दी बोलपत्र प्रस्तावहरु सोही दिन दिनको २:०० बजे देखि बोलपत्रदाता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा टीकापुर नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ। बोलपत्रदार्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी बोलपत्र प्रस्ताव खोल्न बाधा पर्ने छैन।

२. सिलबन्दी बोलपत्र प्रस्ताव फारम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको भोलीपल्ट कार्यालय खोलिने दिन सिलबन्दी प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ।

३. फाराम लिंदा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी तथा आ.व.२०७७/७८ असार मसान्त सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ। कुनैपनि किसिमको कर, दस्तुर, शुल्क र बक्यौता तिर्न बाँकी रहेको व्यक्ति वा फम ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन।

४. सिलबन्दी फारामको खाम बाहिर यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावहरुको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ।

५. प्रस्ताव कर्ताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

६. सिलबन्दी दरभाउपत्र दाताले सिलबन्दी बोलपत्र फारमको रकम रु १०००।- मात्र यस टीकापुर नगरपालिका कार्यालयको राजस्व उपशाखामा जम्मा गरि सफ्टवेयरको रसिद लिनुपर्ने छ र सिलबन्दी बोलपत्र दर्ता गर्ने दिन जम्माहुन आउने धरौटी रकम यस नगर कार्यपालिकाको नाममा नेपाल बैंक लिमिटेड टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ९० (नब्बे) दिन म्याद भएको विडवण्डको कागजात संलग्न गर्नुपर्नेछ

७. पेश भएको सिलबन्दी बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

८. किस्ताको हकमा चलन पूर्जी लिनु अगावै ठेक्काको कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ। साथै उक्त रकम एकमुष्ट अग्रीम रुपमा दाखिला गरेमा ५ (पाँच) प्रतिशत छुट दिइनेछ।

९ . म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको सिलबन्दी फारम उपर कुनै कारवाही गरिने छैन।

१०. सम्बन्धित ठेक्काको संकलन गर्नुपर्ने दररेट बोलपत्र फारम खरिद गर्दा उपलब्ध गराईनेछ।

११. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछ।

१२. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व उपशाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ।

.............................................

प्रमुख प्रशासकीय अधिकृत